"धनकुटा नगरः स्वच्छ सुन्दर समुन्नत शहर"

धनकुटा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फोन नं – ०२६-५२२११९

कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२

च.न. १८३८

मितिः२०८१/११/०२

## न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दर्ता गर्ने सम्बन्धी सूचना ।

हरेक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभुत गराउन रोजगारीको हक सम्बन्धी (दोश्रो संसोधन) नियमावली, २०७७ को नियम ७ (१) र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ को दफा १८ (१) बमोजिम आर्थिक तथा सामाजिक अबसरहरुबाट बञ्चित बेरोजगार ब्यक्तिहरुलाई आगामी आब २०८२/०८३ मा स्थानीय तहबाट प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्बजनिक बिकास निर्माणको काममा योगदान गर्न सक्ने निम्न मापदण्डका ईच्छुक बेरोजगार ब्यक्तिहरुले २०८१ फागुन मसान्त भित्रमा आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा सम्पर्क गरी तोकिएको ढाँचामा आवेदन फाराम भरी पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

### बेरोजगार ब्यक्ति सूचीकरण सम्बन्धी मापदण्ड

(१) आवेदन दिने ब्यक्ति १८ देखि ५९ बर्ष उमेर समूहको हुनु पर्ने,

(२) निवेदन दिंदाको मिति सम्म सोही आर्थिक बर्षमा न्यूनतम एक सय दिनको रोजगारमा संलग्न नभएको हुनु पर्ने,

(३) स्वरोजगारमा संलग्न ब्यक्तिको हकमा निवेदन दिंदाको मितिसम्म सोही आर्थिक बर्षमा न्यूनतम एक सय दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रामिक वरावरको आय भन्दा कम आय भएको हुनु पर्ने ।

### आवश्यक कागजातहरु

१. बेरोजगार भएका ब्यक्ति स्वयम् वा निजको अभिभावक वा संरक्षकले अनुसूची-१ को ढाँचामा बेरोजगार पुष्टी गर्ने कागजात/बिवरण सहितको निवेदन,

२. निवेदन दिने ब्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

३. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति,

४. बसाँइसराइ भएको भए प्रमाणपत्रको प्रतिलिपि,

*थप जानकारीका लागि धनकुटा नगर कार्यपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहुन अनुरोध छ ।*

११/२

सीताराम गौतम